प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
**बागमती प्रदेश कार्यालय**
हेटौंडा-१४, मकवानपुर।

सम्पर्क मो नं. ९८५५०३४९९१
स्थायी लेखा नं.२०१२९९३५३

प.सं.:२०८१।०८२
च.नं.:

मिति २०८१।०९।१६
नेपाल सम्वत २०४५

श्री वागमती प्रदेश भित्र प्राविधिक शिक्षा संचालित सामुदायिक तथा साझेदार शिक्षालयहरु ।

विषयः अनुदान सहयोगको लागि प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना।

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८१।०८२ को स्वीकृत वजेट तथा कार्यक्रम अन्तरगत **"वजेट शिर्षक नं.२२५२२ क्रियाकलाप संकेत २.७.८.१४४ -प्राविधिक शिक्षा संचालित सामुदायिक विद्यालयमा प्रशिक्षण सामाग्रि अनुदान"** शिर्षकमा प्रति शिक्षण संस्था रु.३०००००।०(अक्षेरपी तिन लाख मात्र ) अनुदान उपलव्ध गराउन वजेट विनियोजन भई आएको हुंदा परिषद् वाट स्वीकृत लिई सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) कार्यक्रम र साझेदारी स्वरुपमा संचालन भई नियमित अनुदान पाउदै आएका सामुदायिक विद्यालयहरुले चालु शैक्षिक सत्रमा कम्तीमा एक कार्यक्रममा तोकिएको कोटाको पचास प्रतिशत प्रशिक्षार्थी रजिष्ट्रेशन र अघिल्लो शैक्षिक सत्रको वार्षिक परीक्षामा कम्तिमा एक कार्यक्रममा तोकिएको कोटाको पचास प्रतिशत प्रशिक्षार्थीहरु परीक्षामा सहभागी भएका शिक्षालयहरुलाई अनुदान रकम सोधभर्ना दिइने र नयाँ कार्यक्रम संचालन गर्न सम्वन्धन /स्वीकृती पाएकाहरुको हकमा चालु शैक्षिक सत्रमा प्रशिक्षार्थी भर्ना कम्तिमा एक कार्यक्रममा तोकिएको कोटाको पचास प्रतिशत रजिष्ट्रेशन कायम हुनु पर्नेछ। उक्त रकम अनुदानको लागि सामुदायिक विद्यालयहरुले अघिल्लो आर्थिक वर्ष (आ. व.२०८०।०८१ )को शैक्षिक प्रगति विवरण र लेखापरीक्षण प्रतिवेदन संलग्न गरी कार्यक्रम संचालनमा औजार उपकरण थपको लागि सामान खरिदको विलको प्रतिलिपी तथा जिन्सी दाखिला प्रतिवेदन सहित र चालु शैक्षिक सत्रमा समेत पठन पाठन संचालन गरेका प्राविधिक शिक्षा संचालित सामुदायिक विद्यालयहरुले विधार्थी भर्नाको विवरण, परीक्षा नियन्त्रण कार्यालयको रजिष्ट्रेशन अभिलेखको विवरण र शिक्षालय संचालक समितिको निर्णयको प्रतिलिपी सहित विद्यालयको लेटरहेडमा मिति २०८१।०९।२२ गते कार्यालय समय भित्र प्रस्ताव पेश गर्नु हुन अनुरोध छ। तोकिएको मिति भन्दा पछाडि आएका निवेदन उपर कुनै किसिमको कार्वाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

निर्देशक

फोन नं.: ०५७-५२४९९१, इमेलः bagmati.ctevt@gmail.com